# कटारी नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः०६** **संख्याः०९** **मितिः२०७९/०८/२७**

## कटारी नगरपालिका नमुना उन्मुख विद्यालय विकास कार्यक्रम कार्यविधि -२०७९

नगर सभाबाट स्वीकृत मिति :२०७९/०८/२७

प्रस्तावनाः

कटारी नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर तथा जवाफदेही व्यवस्थापन सुनिश्चित गरी विद्यालयको भौतिक तथा शैक्षिक पक्षको विकास गर्दै सूचना प्रविधिको प्रयोग सहित अभिभावक तथा बालबालिकाको पहिलो रोजाइको विद्यालयको रुपमा विकास गर्न नगरपालिका भित्र सञ्चालित एक वडा एक नमुना उन्मुख विद्यालयको विकास गर्न आवश्यक भएकाले कटारी नगरपालिका शिक्षा ऐन २०७७ को दफा ५२ ले दिएको अधिकार प्रयोग गरी नमुना उन्मुख विद्यालय कार्यक्रम कार्यविधि २०७९ बनाई लागु गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** यो कार्यविधिको नाम **"कटारी नगरपालिका नमुना उन्मुख विद्यालय विकास कार्यक्रम कार्यविधि २०७९"** रहेको छ ।

**२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।**

**३. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) **कार्यविधिः** कटारी नगरपालिका नमुना उन्मुख विद्यालय विकास कार्यक्रम कार्यविधि २०७९"सम्झनु पर्दछ ।

ख) **नगरपालिकाः** भन्नाले कटारी नगरपालिका उदयपुरलाई सम्झनु पर्दछ ।



प्रमुख प्रशासकीय अधिकृत

ग) **प्रमुखः** भन्नाले कटारी नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ।

घ) **प्रमुख प्रशासकीय अधिकृतः** भन्नाले कटारी नगरपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ङ) **शाखाः** भन्नाले कटारी नगरपालिकाको शिक्षा, युवा, तथा खेलकुद शाखा सम्झनु पर्दछ ।

च) **शाखा प्रमुखः** भन्नाले कटारी नगरपालिका शिक्षा शाखामा कार्यरत शिक्षा शाखा प्रमुखलाई सम्झनु पर्दछ ।

छ) **विद्यालयः** भन्नाले नगरपालिका भित्र सञ्चालनमा रहेका प्रारम्भिक बालविकास देखि कक्षा १२ सम्मका सबै सामुदायिक विद्यालयलाई सम्झनु पर्दछ ।

ज) **प्रधानाध्यापकः** भन्नाले कटारी नगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयका प्रधानाध्यापकलाई सम्झनु पर्दछ ।

४. उद्देश्यः यस कार्यक्रमको उद्देश्य -

क) स्वच्छ शैक्षिक प्रतिस्पर्धाको भावना विकास गराउने ।

ख) शैक्षिक क्रियाकलापमा सूचना प्रविधिको अधिकतम प्रयोग सहित आधुनिक शिक्षण विधि मार्फत विद्यालय शिक्षाको गुणस्तर वृद्दि गर्ने ।

ग) विद्यालयलाई अभिभावक र विद्यार्थीको पहिलो रोजाई र शैक्षिक गन्तव्यको रुपमा विकास गर्ने ।

घ) भौतिक तथा प्रशासनिक व्यवस्थालाई चुस्त दुरुस्त बनाउने ।

**५. स्वीकृत बजेटः** यस कार्यक्रम सञ्चालनको लागि सम्बन्धित वडा कार्यालयहरुले रु ५ लाख विनियोजन गर्नुपर्ने छ र सो वरावरको सतप्रतिशत रकम नगर साझेदारी कोष बाट बेहोरी रु १० लाखको कार्यक्रम विनियोजन गरी सञ्चालन हुने छ ।

६. अनुदान प्राप्त गर्ने आधारहरुः

क) नगरपालिका शिक्षा शाखाले नमुना उन्मुख विद्यालय विकास कार्यक्रमको लागि निर्धारित आधारहरु सहित कम्तिमा १५ दिनको सूचना नगरपालिकाले सूचना प्रकाशित गर्ने छ ।

ख) इच्छुक सामुदायिक विद्यालयहरुले विद्यालय व्यवस्थापन समितिको निर्णय, सम्बन्धित वडा कार्यालयको सिफारिस र विस्तृत विवरण सहितको नमुना उन्मुख विद्यालय विकास प्रस्ताव कार्यविधिको **अनुसूची १** को ढाँचा अनुसारको प्रस्तावना पत्र तयारी गरी पेश गर्नु पर्नेछ ।

ग) शिक्षा शाखाले आवश्यक कागजात सहित सबै विद्यालयको प्रस्तावना पत्र सहित **अनुसूची २** को छनोट समितिमा पठाउनु पर्नेछ ।

घ) छनोट समितिले **अनुसूची ३** बमोजिमको आधारमा प्रस्तावहरुको छनोट गरी अनुदान प्रदान गर्ने निर्णय गर्नेछ ।

ङ) शिक्षा शाखाले छनोट भएका विद्यालयको जानकारी नगरपालिकाले सूचना प्रकाशित गर्ने छ ।

च) छनोट भएका विद्यालयलाई निर्धारित अनुदान रकम दुई किस्ताका माध्यमबाट सम्झौता अनुसार मुल्याङ्कनका आधारमा विद्यालयको खातामा भुक्तानी गरिनेछ ।

छ) विद्यालय शिक्षा शाखासँग **अनुसूची ४** बमोजिमको ढाँचामा कार्यक्रम सम्झौता गरी कार्यान्वयन गर्ने र कार्य सम्झौता गरेको मितिले बढीमा १५ दिन भित्र कार्य आरम्भ गरी सोको जानकारी शिक्षा शाखालाई दिनु पर्नेछ ।



प्रमुख प्रशासकीय अधिकृत

ज) विद्यालयले प्रस्तावना पत्र बनाउँदा प्रस्तावना पत्रमा उल्लेखित बुँदाका अतिरिक्त शैक्षिक क्षेत्रमा ६० प्रतिशत भौतिक तथा अतिरिक्त क्षेत्रमा ४० प्रतिशत खर्च गर्ने गरी बजेट विनियोजन गर्नु पर्नेछ । तर चालु आ. व.०७९/८० मा विद्यालयले अपनो आवश्यकता बमोजिम खर्च गर्न सक्नेछन ।

झ) शिक्षा शाखाबाट अनुगमन मुल्याङ्कन र अवलोकन अनुसूची ५ को ढाँचामा कार्यसम्पन्न प्रतिवेदन तयार भए पश्चात शैक्षिक सत्र वा आर्थिक वर्षको अन्त्यमा दोस्रो किस्ता वाफतको रकम निकासा गरिनेछ ।

ञ) सम्बन्धित वडा कार्यालयले विद्यालयको अनुगमन निरीक्षण गरी सम्बन्धित विद्यालयलाई शिक्षा समितिले आवश्यक सुझाव दिनु पर्नेछ र सोको कार्य सम्पन्न प्रतिवेदन नगरपालिकामा बुझाउनु पर्नेछ ।

ट) सम्बन्धित विद्यालयले कार्यक्रमको लेखाङ्कन, पारदर्शिता, औचित्यता र प्रतिवेदन तयार गरी आर्थिक बर्षको अन्त्यमा नगर शिक्षा शाखामा एक प्रति बुझाउनु पर्नेछ ।

ठ) यो कार्यक्रम कम्तिमा ३ बर्ष सम्म लागु हुनेछ ।

ड) यस कार्यविधि अनुसार उपलब्ध गराएको रकम विद्यालयले कार्ययोजना बनाई नगर शिक्षा शाखामा पेश गर्नु पर्ने र सो कार्ययोजनामा उल्लेख भएको शिर्षक बाहेकका अन्य शिर्षकमा खर्च गर्न पाईने छैन ।

ढ) सम्झौता अनुसार कार्य नभएको खण्डमा जुनसुकै बेला सम्झौता रद्द गर्न सकिने छ ।

ण) हरेक वडामा एक मात्र विद्यालय नमुनाको रुपमा छनोट गरिनेछ ।

त) कार्यविधि स्वीकृत पूर्व वडा कार्यालयले सिफारिस गरेका नमूना विद्यालयलाई यसै कार्यविधि अनुसार भएको मानिनेछ । तर वडा कार्यालयले सिफारिस गरेका उक्त नमूना विद्यालयहरुले आवश्यक प्रस्तावना आधार र निवेदन सहित आवश्यक कागजात शिक्षा शाखामा पेश गर्नुपर्ने छ ।

थ) संघ र प्रदेश सरकारबाट नमुना विद्यालय छनोट भएका विद्यालयलाई यस कार्यक्रममा समावेस गरिने छैन ।

**७. कार्यक्रमको अनुगमनः** कार्यक्रमको अनुगमन सम्बन्धित वडा कार्यालय र नगरपालिकाबाट गरिने छ ।

**८. बाधा अड्काउ फुकाउः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा नगर शिक्षा समितिले त्यस्तो बाधा अड्काउ फुकाउन सक्ने छ ।

**९. संशोधनः** यस कार्यविधिमा आवश्यक संशोधन कटीरी नगर कार्यपालिकाले गर्न सक्ने छ ।



प्रमुख प्रशासकीय अधिकृत

अनुसूची १

दफा ६ को उपदफा ख सँग सम्बन्धित

श्री कटारी नगरकार्यपालिका
कटारी नगरपालिकाको कार्यालय उदयपुर

विषयः नमुना उन्मुख विद्यालय छनौट सम्बन्धमा

प्रस्तुत विषयमा ताहाँ नगरपालिकाको आर्थिक बर्ष ०७९।०८० को बार्षिक कार्यक्रम अनुसार नमुना उन्मुख विद्यालय विकास कार्यक्रम अन्तर्गतका निम्न सर्त र पूर्वाधार सहित छनोटका लागि निम्नानुसारको विवरण राखी देहायका विवरण सहित यो आवेदन पेश गरेको व्यहोरा अनुरोध छ ।

प्रअको नामः

१. विद्यालयको नाम र ठेगानाः

२. विद्यार्थी संख्या

| कक्षा | कक्षा | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

३. शिक्षक विवरणः

| तह | स्वीकृत दरबन्दी | राहात अनुदान | निजी दरबन्दी | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

४. विद्यालयको भौतिक अवस्था

भवन संख्याः कोठा संख्याः पक्कीः

अर्धपक्कीः कच्चीः

फर्निचर संख्याः

खेलमैदानः

खानेपानीः

सौचालयः

पुस्तकालयः

कम्प्युटर ल्याबः

विधुत जडानको अवस्थाः

इन्टरनेटः

कम्पाउण्डः

विज्ञान प्रयोगशालाः

५. नतिजाः

| शैक्षिक सत्र | सहभागी | | | उत्तिर्ण |
|---|---|---|---|---|
| | कक्षा ५ | कक्षा ८ | कक्षा१० | १.६ जिपिए माथि |
| २०७६ | | | | |
| २०७७ | | | | |
| २०७८ | | | | |

**नमूना उन्मुख विद्यालयले पेश गर्ने प्रस्तावना पत्रको ढाँचा**

कार्यक्रमको नामः

आवश्यक रकमः

निकासा हुने बैंकको नाम र खाता नं.

कार्य सम्पन्न हुन लाग्ने अवधिः

कार्यक्रमको मुख्य उद्देश्यः

कार्य सम्पन्न गर्न गरिने मुख्य क्रियाकलापः (कम्तिमा ५ वटा क्रियाकलाप उल्लेख गर्नु पर्नेछ ।)

**नमुना विद्यालय पूर्वाधार र स्वरुप**

शैक्षिक तथा भौतिक पूर्वाधारः

योग्यता पुगेका तालिम प्राप्त शिक्षकबाट पठनपाठनः

शिक्षणमा सूचना प्रविधिको प्रयोगः

समावेशी सिद्धान्त अनुकुल प्रभावकारी सिकाई सञ्चालनः

विद्यालयमा नविनतम शैक्षणिक प्रविधिको प्रयोगः

पुस्तकालय र विज्ञान प्रयोगशालाको अवस्था प्रयोगः

खेलकुद र सहक्रियाकलाप संचालनको अवस्थाः

विद्यार्थीको स्तर अनुसारको फर्निचरको अवस्थाः

बालमैत्री र सिकाइमैत्री वातावरणः

खेल्ने मैदान र बगैंचाः

शिक्षक विद्यार्थी आचारसंहिताः

विद्यालयमा विद्यालय व्यवस्थापन समिति अभिभावक अन्तरक्रियाः

विद्यालयमा शैक्षिक सामाग्री निमार्ण प्रयोग र व्यवस्थापनः

शिक्षकको क्षमता विकास कार्यक्रमः

शिक्षक कार्य सम्पादन करारः

विव्यस अध्यक्षको
नामः
हस्ताक्षरः
मितिः

विद्यालयको छापः

प्रस्ताव पेश गर्ने प्रअको
नामः
हस्ताक्षरः
मितिः

## अनुसूची २

### दफा ६ को उपदफा ग सँग सम्बन्धित

### कार्यक्रम छनोट समिति

नमुना उन्मुख विद्यालयबाट आएका प्रस्तावहरुको छनोट तथा सफारिस गर्न तपसिल बमोजिमको छनोट समिति रहने छ ।

| | |
|---|---|
| क) कटारी नगरपालिका नगर प्रमुख | संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग) स्रोत व्यक्ति | सदस्य |
| घ) सममाजिक विकास समिति संयोजक | सदस्य |
| ङ) नगर शिक्षा शाखा प्रमुख | सदस्य-सचिव |

१ छनोट समितिका संयोजकले आवश्यक देखिएमा बढीमा २ जना विज्ञहरु आमन्त्रण गर्न सक्ने छ ।

२ छनोट समितिले प्राप्त हुन आएका प्रस्तावहरुलाई तोकिए बमोजिमको मूल्याङ्कन निर्देशिकाका आधारमा छनोट गरी नगरकार्यपालिकामा पेश गर्नेछ ।

३ छनोट समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

# अनुसूची ३

## दफा ६ को उपदफा घ सँग सम्बन्धित

१ प्रस्ताव मूल्याङ्कनका आधारहरु (आधारभूत तह)

| क सं. | सूचक | अङ्क | गणना विधि (अङ्क) | कैफियत |
|---|---|---|---|---|
| १ | जग्गाको उपयोग | १० | १. १० कठ्ठा वा ७ रोपनी सो भन्दा कम ६ | |
| | | | २. १५ कठ्ठा वा ८ रोपनी भए ८ | |
| | | | ३. विघा वा १३ रोपनी सो भन्दा माथि भए १० | |
| २ | विद्यार्थी संख्या | १५ | १. वडा नं १ देखि ७ सम्मको हकमा औषत विद्यार्थी संख्या ३० भएमा १५ | |
| | | | २. वडा नं ८ देखि १४ सम्म विद्यार्थी संख्या २० भएमा १५ | |
| | | | ३. सो भन्दा कम भएमा ५ | |
| ३ | परिक्षाको नतिजा | २१ | कक्षा ५ र ८ को तिन बर्षको उत्तिर्ण प्रतिशत | |
| | | | क) ४० देखि ६० भए ३<br>ख) ६० देखि ८० भए ५<br>ग) ८० भन्दा माथि भए ७ | |
| ४ | भौतिक सुविधाको उपलब्धता | १५ | १. प्रति कक्षा एक कक्षा कोठा भए ५ | |
| | | | २. प्रअ कोठा र स्टाफ कोठा एउटै भए २ | |
| | | | ३. प्रअ कोठा र स्टाफ कोठा छुट्टा छुट्टै भए २ | |
| | | | ४. १०० जना विद्यार्थी बराबर एक सौचालय भएमा २ | |
| | | | ५. छात्राको लागि अलग्गै सौचालय भए २ | |
| | | | ६. नकुहिने फोहोर व्यवस्थापन भएमा २ | |
| ५ | विद्यालयमा उपलब्ध सुविधा | १५ | १. बालविकासमा एलईडी टि भी मा नेट जडानको व्यवस्था भएमा ५<br>- बालविकासमा एलईडी टि भी नभएको चकटी र कार्पेट भएमा २ | |
| | | | २. दिवा खाजा विद्यालयमा नै पकाइ खुवाउने व्यवस्था भएमा ५<br>- दिवा खाजा विद्यालयमा नै पकाइ खुवाउने व्यवस्था नभएमा २ | |



प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | | ३. शिक्षक सुचक इन्डिकेटर भएमा ५<br>- शिक्षक सुचक इन्डिकेटर नभएमा २ | |
| ६ | शैक्षिक सुसाशन | १५ | १. शिक्षा ऐन तथा नियमावली अनुसार वि.व्य.स. गठन भएको भए २ | |
| | | | २. शि.अ.संघ गठन भएको भए २ | |
| | | | ३. तोकिएको समय भित्र सामाजिक लेखा परिक्षण गरेको भए ३ | |
| | | | ४. वार्षिक रुपमा विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक गरेको भए ३ | |
| | | | ५. वार्षिक कार्यतालिका निर्माण र कार्यान्वयन गरेको भए १ | |
| | | | ६. वार्षिक बजेट निर्माण र विव्यसबाट स्वीकृत गरेको भए १ | |
| | | | ७. विद्यालयको वार्षिक उत्सव नियमित मनाउने गरेको भए ३ | |
| ७ | विविध | ९ | १. अतिरिक्त क्रियाकलाप योजना निर्माण र सञ्चालन १ | |
| | | | २. विद्यालयमा फुलबारी र बगैंचा व्यवस्थापन गरेको भएमा ३ | |
| | | | ३. नगरस्तरिय प्रतियोगितामा स्थान हासिल गरेमा ४ | |
| | | | ४. भौगोलिक दुरी नगरपालिकाबाट टाँढा भएका वडा नं ८ देखि १४ सम्मलाई १ | |

२. प्रस्ताव मूल्याङ्कनका आधारहरु (माध्यामिक तह)

| क सं | सूचक | अङ्क | गणना विधि (अङ्क) | कैफियत |
|---|---|---|---|---|
| १ | कक्षा ९ देखि १२ मा पढाई हुने विषय | १० | १. साधारण विषय ६ | |
| | | | २. कक्षा १० सम्म अतिरिक्त विषय गणित भए ८ | |
| | | | ३. कक्षा ११ र १२ तर्फ १ विषय थप भए ९ | |

| | | | | |
|---|---|---|---|---|
| | | | ४. कक्षा ११ र १२ तर्फ २ विषय थप भए १० | |
| २ | जग्गाको प्रर्याप्तता | १० | १. एक विघा/१३ रोपनी भए ७ | |
| | | | २. डेढ विघा/१९ रोपनी भए ८ | |
| | | | ३. दुई विघा/२६ रोपनी भए ९ | |
| | | | ४. दुई विघा/२६ रोपनी भन्दा माथि भए १० | |
| ३ | विद्यार्थी संख्या | १५ | १. वडा नं १ देखि ७ सम्म एउटा कक्षामा ३० जना भएमा १५ | |
| | | | २. वडा नं ८ देखि १४ सम्ममा एउटा कक्षामा २० जना भएमा १५ | |
| ४ | परिक्षाको नतिजा पछिल्लो ३ वर्षको औषत | २१ | १. ४० देखि ६० प्रतिशत उत्तिर्ण भए ३ | |
| | | | २. ६० देखि ८० प्रतिशत उत्तिर्ण भए ५ | |
| | | | ३. ८० प्रतिशत भन्दा माथि उत्तिर्ण भए ७ | |
| ५ | भौतिक सुविधा | १५ | १. प्रतिकक्षा एक कक्षाकोठा भए ४ | |
| | | | २. प्रअ स्टाफ छुट्टाछुट्टै कोठा भए २ | |
| | | | ३. १०० जना विद्यार्थी बराबर एक सौचालय भएमा २ | |
| | | | ४. छात्राका लागि प्याडको व्यवस्थापन गर्न छुट्टै सौचालयको व्यवस्था भएमा २ | |
| | | | ५. कुहिने र नकुहिने फोहोर व्यवसथापनको लागि १ | |
| | | | ६. अभिभावक प्रतिक्षालय भएमा १ | |
| | | | ७. तालिम सेमिनार हल भएमा२ | |
| | | | ८. सि. सि. टि. भि. क्यामरा जडान वाफत १ | |
| ६ | विद्यालयमा उपलब्ध भौतिक सुविधा | १० | १. विज्ञान प्रयोगशाला नियमित प्रयोग गरेको भए २ | |
| | | | २. पुस्तकालय व्यवस्थापन र प्रयोग भएमा २<br>३. इन्टरनेट जडान र सञ्चालन २ | |
| | | | ४. आइसिटी ल्याब र प्रयोग २ | |
| | | | ५. विषयगत समिति गठन २ | |
| ७ | शैक्षिक सुशासन | ११ | १ शिक्षा ऐन तथा नियमावली अनुसार वि. व्य. स. | |

| | | | | |
|---|---|---|---|---|
| | | | गठन गरेको भए २ | |
| | | | २. शि. अ. सं. गठन भएको भए १ | |
| | | | ३. तोकिएको समयमा सामाजिक परिक्षण गरेको भए १ | |
| | | | ४. सिकाइ उपलब्धि सूचक निर्धारण गरेको भए २ | |
| | | | ५.वर्षमा कम्तिमा एक पटक अभिभावक भेला राखेको भए १ | |
| | | | ६. वार्षिक रुपमा विद्यालय सूधार योजना निर्माण तथा अध्यावधिक गरेको भए १ | |
| | | | ७. वार्षिक कार्यतालिका निर्माण र कार्यान्वयन गरेको भए १ | |
| | | | ८. वार्षिक बजेट निर्माण र वि.व्य. स.बाट स्वीकृति गरेको भए १ | |
| | | | ९. विद्यालयको वार्षिक उत्सव नियमित मनाउने गरेको भए १ | |
| ८ | अन्य | ८ | १. अतिरिक्त क्रियाकलाप योजना सञ्चालन गरेमा २ | |
| | | | २. नगरस्तरिय प्रतियोगितामा स्थान हासिल गरेमा २ | |
| | | | ३. विधनलयमा फुलबारी, करेसाबारी, बगैंचाको व्यवस्थापन गरेको भए २ | |
| | | | ४. नगरपालिकाबाट भौगोलिक दुरी वाफत वडा नं ८ देखि १४ सम्मलाई २ | |

**पुनश्चः** छनोट हुनका लागि कुल प्राप्ताङ्कको **७० प्रतिशत** अङ्क प्राप्त गरेको हुनुपर्नेछ ।

## अनुसूची ४
### दफा ६ को उपदफा छ सँग सम्बन्धित
### कार्यक्रम सम्झौताको ढाँचा

कटारी नगरकार्यपालिकाको कार्यालय (पहिलो पक्ष) र श्री........विद्यालय (दोश्रो पक्ष) बीच मिति ......... मा नगर नमुनान्मुख विद्यालय विकास कार्यक्रमको

### सम्झौता पत्र

### प्रथम पक्षले पालन गर्नु पर्ने सर्तहरु

१.नगरपालिकाले आ. व. २०७९/०८० को वार्षिक कार्यक्रममा समावेश भएको नमुनाउन्मुख नगर विद्यालय विकास कार्यक्रमका लागि वडा कार्यालयबाट प्राप्त हुने रु ५ लाख र नगर साझेदारीबाट प्राप्त हुने रु ५ लाख गरी जम्मा रु १० लाख दुई किस्तामा दोश्रो पक्षको बैक खातामा निकासा गराउने छ ।

२.प्रथम पक्षले यस कार्यक्रमको विषयमा दोश्रो पक्षलाई आवश्यक जानकारी सुझाव तथा निर्देशन दिन सक्ने छ ।

३.प्रथम पक्षले कार्यक्रमको अनुगमन मूल्याङ्कन गरी कमजोरी देखिएमा सुधारका लागि निश्चित समय तोकी पुनः कार्य गर्न लगाउन सक्ने छ ।

४. दोश्रो पक्षले समझौता बमोजिमको कार्य नगरेको देखिएमा प्रथम पक्षले जुनसुकै बेला समझौता रद्द गर्न सक्ने छ ।

५. तोकिएको समयमा कार्य सम्पन्न नभएमा दोश्रो पक्षलाई कार्यसम्पादन समयमा नै हुन नसक्नुका कारणहरु सोधी आवश्यक कदम चाल्न सक्ने छ ।

६.आ. व. समाप्त हुनुभन्दा एक महिना अगाडि वा कार्य प्रगति सम्पन्न प्रतिवेदन पश्चात दोश्रो किस्ता बापतको रकम निकासा गरिनेछ ।

### दोश्रो पक्षले पालन गर्नु पर्ने शर्तहरु

१. सम्झौता भएको मितिले १५ दिन भित्रमा कार्य प्रारम्भ गर्नु पर्नेछ, सोको जानकारी प्रथम पक्षलाई दिनु पर्नेछ ।

२. सम्झौता भएको मितिले एक आ. व. भित्र कार्य सम्पन्न गरि सक्नुपर्नेछ ।

३. कार्यक्रम संचालन गर्दा प्रचलित आर्थिक ऐन तथा सार्वजनिक खरिद ऐन नियमावली अनुसार हुनुपर्नेछ ।
प्रथम पक्षले दिएको सुझाव तथा निर्देशनलाई कार्यक्रम संचालनमा समावेश गर्दै जानुपर्नेछ ।
प्रथम पक्षलाई दोश्रो पक्षले खर्चको फाँटवारी सहित कामको प्रगति प्रतिवेदन बुझाउनु पर्नेछ ।

| | |
|---|---|
| प्रथम पक्षको तर्फवाट | दोश्रो पक्षको |
| नामः | नामः |
| पद | पदः |
| दस्तखतः | दस्तखतः |
| कार्यालयको छाप | विद्यालयको छाप |
| | अध्यक्षको नामः |
| | दस्तखतः |

"सुन्दर कटारी नगरको पहिचानः सुशासन र समृद्धि हाम्रो अभियान"

## अनुसूची ५
## दफा ६ को उपदफा झ सँग सम्बन्धित
## कार्य सम्पन्न प्रतिवेदन ढाँचा

विद्यालयको नामः

कार्यक्रमको नामः

लागत अनुमानको कुल रकमः

काम सुरु भएको मितिः

काम सम्पन्न गर्नुपर्ने मितिः

काम सम्पन्न भएको मिति ।

कटारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कटारी, उदयपुर, कोशी प्रदेश, नेपाल २०७१

| क्र. सं. | कामको विवरण | परिणाम | दर | जम्मा रकम |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

स्वीकृत कार्ययोजना तथा स्पेसिफिकेसन बमोजिम काम भएको छ भनी प्रमाणित गर्ने

| पद | नाम र थर | दस्तखत | मिति | कार्यालयको छाप |
|---|---|---|---|---|
| प्राविधिक | | | | |
| प्रधानाध्यापक | | | | |
| व्य. स. अध्यक्ष | | | | |
| नगर शिक्षा शाखा प्रमुख | | | | |
| प्रमुख प्रशासकीय अधिकृत | | | | |

प्रमाणीकरणमिति २०७९/८/२७

कटारी नगरपालिका राजपत्र

आज्ञाले
अनिल किराती
प्रमुख प्रशासकिय अधिकृत